**राष्ट्रिय किसान आयोग**

**कीर्तिपुर काठमाडौं ।**

**सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५(३) र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरेको विवरण**

---

**१. आयोगको स्वरुप र प्रकृति**

कृषि क्षेत्रको कूल ग्राहस्थ उत्पादनमा २४.१ प्रतिशत योगदान कृषिको रहेको र ६७ प्रतिशत जनसंख्या कृषि क्षेत्रमा निर्भर रहनु परेको छ। संविधानमा उल्लेखित भएका किसानका हक हित र अधिकार संरक्षण र प्रवर्द्धनका लागि निर्माण हुने कानूनहरूको अभाव हुनु र भएका ऐन नियम कानूनहरूको प्रभावकारी कार्यान्वयन हुन नसक्नु किसान र कृषि क्षेत्रको विकासका लागि बाधक देखिएका छन्। अर्थतन्त्रको मेरूदण्डको रूपमा रहेको कृषि क्षेत्रलाई आधुनिकीकरण, व्यवसायीकीकरण र विविधीकरण गरी किसानको हक हितको संरक्षण एवम् प्रवर्द्धनका लागि कृषि सम्बन्धी नीति, ऐन, कानून तथा योजना तर्जुमाको साथै कृषि अनुसन्धान र प्रसारलाई किसान मैत्री बनाई किसानहरूको हक हित र अधिकारको रक्षा गर्दै कृषि उत्पादनमा नेपाललाई आत्मनिर्भर बनाउन वाञ्छनीय भएको तथ्यलाई आत्मसात् गर्दै कृषि विकास रणनीति (सन् २०१५–३५) ले परिलक्षित गरे बमोजिमका उद्धेश्य हासिल गर्न नेपाल सरकारबाट मिति २०७३/१०/६ मा जारी राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३ अनुसार राष्ट्रिय किसान आयोग गठन भएको हो।नेपालको संविधानमा भएको ब्यवस्था अनुसार गठन भएको यस आयोगमा देहाय बमोजिम पदाधिकारी रहनु भएको छ ।

**डा. प्रेम प्रसाद दंगाल- अध्यक्ष**

**श्री सुर्य प्रसाद खनाल- सदस्य**

**श्री मञ्जु धिमाल- सदस्य**

**श्री जिवन्ती पौडेल- सदस्य (प्रवक्ता)**

**श्री टेक बहादुर बोगटी- सदस्य**

**श्री पुष्पा भुषाल-विज्ञ- सदस्य**

**डा. खगेन्द्रराज सापकोटा- सदस्य सचिव**

**आयोगको कार्यालय कीर्तिपुर, काठमाडौंमा रहेको छ।**

**२. आयोगको काम, कर्तव्य र अधिकार**

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७३/१०/०६ गतेको निर्णय बमोजिम राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३ अनुसार कृषि उत्पादन, उत्पादकत्व अभिवृद्धि गरी किसानको हक, हित र अधिकारको संरक्षण एवम प्रवर्द्धन गर्ने कार्यसंग सम्बन्धित विषयमा नेपाल सरकारलाई सहयोग पुऱ्याउन राष्ट्रिय किसान आयोग गठन भएको हो । कार्यकारी आदेश अनुसार यस आयोगको काम कर्तव्य र अधिकार निम्नानुसार रहेको छ ।

क) कृषि विकास रणनितीको सफल कार्यान्वयन गर्नको लागि कृषि विकास मन्त्रालय लगायत कृषि क्षेत्र सँग सम्वन्धित निकायहरु समक्ष समय सापेक्ष सुधारका सम्वन्धमा नेपाल सरकारलाई राय सुझाव दिने ।

ख) किसानहरुको हक हितलाई प्रवर्द्धन गर्न किसान कल्याणकारी योजना **(Farmer Welfare Scheme)** तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने ।

ग) नेपाल सरकारले जारी गरेका विद्यमान निती, ऐन, नियममा किसान अधिकारमा रहेको नीतिगत भिन्नता **(Policy Gap)** को सम्वन्धमा अध्ययन तथा विश्लेषण गरी सुधारको लागि नेपाल सरकारलाई सुझाब दिने

घ) किसान हक हित अधिकार एवम् किसानहरुको राज्य प्रतिको कर्तब्य र दायित्वका लागि नयाँ नीति, ऐन वा नियमावली बनाउन नेपाल सरकारलाई सहयोग गर्ने ।

ङ) किसान अधिकारको अनुगमन, सुपरिवेक्षण गर्ने र सुधारको लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

च) कृषि कार्यमा प्रयोग हुने प्राकृतिक स्रोत साधनमा किसानहरुको पँहुच बढाउने र अधिकार स्थापना गर्ने ठोस कार्य योजना नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

छ) विभिन्न बाली वस्तुहरुको बजार सरलीकरण गुणस्तर तथा लागत प्रतिस्पर्धात्मकता अभिबृद्धि र मुल्य अभिबृद्धिको आधारमा किसानले उचित मुल्य पाउने उपायको बारेमा नेपाल सरकारलाई सुझाव दिने ।

ज) वस्तुगत संघ, उत्पादक सहकारी संघ तथा किसान संजाल एवम् संगठनहरुको क्षमता अभिबृद्धि गरी किसानहरुको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने उपायहरु सम्वन्धमा नेपाल सरकारलाई सुझाव दिने।

झ) किसानहरुको परम्परागत ज्ञान, सिप, प्रविधि, रैथाने जात, बिउ, नश्ल तथा किसानहरुले विकास गरेका बाली र पशु नश्लमा उनीहरुको पँहुच र प्रयोग बढाउन तथा त्यसमा किसानहरुको अधिकार स्थापना गर्न नेपाल सरकारलाई आवश्यक सुझाव दिने ।

ञ) कृषि पेशा लाई आकर्षित बनाउन अवलम्वन गर्नु पर्ने किसान अधिकार सम्वन्धी नीति तथा कार्यक्रमका सम्वन्धमा अध्ययन अनुसन्धान गर्ने गराउने ।

ट) संविधानले व्यवस्था गरेका किसानहरुका हक हित र अधिकारहरु कार्यान्वयन भए नभएको सम्वन्धमा अध्ययन गरी नेपाल सरकारलाई आवश्यक सिफारिस गर्ने .

ठ) किसान संघ संगठनहरु (समुह, सहकारी,गै.स.स. बाहेक)लाई दर्ता गरी नियमन गर्ने ।

ड) सरकारी तथा गैर सरकारी एवम् निजी क्षेत्रबाट संचालित नीति तथा कार्यक्रम र आयोजनाहरुबाट किसानहरुको अधिकार हनन् भएमा संम्वन्धित निकाय र नेपाल सरकारलाई जानकारी गराई आवश्यक सिफारिश गर्ने ।

ढ) नेपाल सरकारले समय समयमा तोकेका अन्य काम गर्ने ।

## ३. आयोगको सचिवालयको काम कारबाही

आयोगको दैनिक काम कारबाही संचालनमा आयोगलाई सहयोग पुर्याउने, आयोगका निर्णयहरूलाई कार्यान्वयन गर्ने साथै नेपाल सरकारबाट तोकिए बमोजिमका अन्य काम गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट आयोगमा स्वीकृत दरबन्दी बमोजिम काजमा खटाइ काम लगाउने व्यवस्था गरिएको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयले स्वीकृत गरेको दरबन्दी अनुसार आयोगमा सदस्य सचिव सहित २७ जना कर्मचारीको व्यवस्था गरिएको छ। आयोगको केन्द्रीय सचिवालय काठमाडौंमा रहने र आवश्यकता अनुसार नेपालका विभिन्न स्थानहरूमा कार्यालय खोल्न सक्ने प्रावधान राखिएको छ।

**पदाधिकारी र कर्मचारी जनशक्ति विवरण**

**पदाधिकारी तर्फ**

| **क्र.सं.** | **पद** | **दरवन्दी** | **पदपूर्ति** |
|---|---|---|---|
| १. | अध्यक्ष | १ | १ |
| २. | सदस्य | ५ | ५ |

**कर्मचारी तर्फ**

| **क्र.सं.** | **पद** | **श्रेणी** | **सेवा** | **समूह** | **दरवन्दी** | **पदपूर्ति** |
|---|---|---|---|---|---|---|
| १. | सदस्य सचिव | रा.प.प्रथम | नेपाल कृषि | समूहकृत नहुने | १ | १ |
| २. | वरिष्ठ कृषि अधिकृत | रा.प.द्धितीय | नेपाल कृषि | समुहकृत नहुने (कृषि तर्फ) | १ | ० |
| ३. | वरिष्ठ पशु विकास अधिकृत | रा.प.द्धितीय | नेपाल कृषि | समुहकृत नहुने (पशुसेवा तर्फ) | १ | १ |
| ४. | कृषि अर्थ विज्ञ | रा.प.तृतीय | नेपाल कृषि | एगृ.इको.एण्ड मार्केटिङ् | १ | १ |
| ५. | कृषि अधिकृत | रा.प.तृतीय | नेपाल कृषि | समुहकृत नहुने (कृषि तर्फ) | १ | ० |
| ६. | पशु विकास अधिकृत | रा.प.तृतीय | नेपाल कृषि | समुहकृत नहुने (पशुसेवा तर्फ) | १ | ० |
| ७. | शाखा अधिकृत | रा.प.तृतीय | नेपाल प्रशासन | प्रशासन | १ | १ |
| ८. | लेखा अधिकृत | रा.प.तृतीय | नेपाल प्रशासन | लेखा | १ | ० |
| ९. | प्राविधिक सहायक | रा.प.अनं.प्रथम | नेपाल कृषि | समुहकृत नहुने (कृषि तर्फ) | १ | ० |
| १०. | पशु स्वास्थ्य प्राविधिक | रा.प.अनं.प्रथम | नेपाल कृषि | समुहकृत नहुने (पशुसेवा तर्फ) | १ | १ |
| ११. | प्राविधिक सहायक | रा.प.अनं.प्रथम | नेपाल कृषि | समुहकृत नहुने (कृषि तर्फ) | १ | ० |
| १२. | नायब सुब्बा | रा.प.अनं.प्रथम | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | १ |
| | | | | **जम्मा** | **१२** | **६** |
| **करार सेवामा लिने पदहरूको विवरण** | | | | | | |
| १. | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | नेपाल विविध | | ३ | ३ |
| २. | सवारी चालक | विहीन | इन्जिनियरिङ् | मेकानिकल | ७ | ७ |
| ३. | कार्यालय सहयोगी | विहीन | नेपाल प्रशासन | सामान्य प्रशासन | ५ | ५ |
| | | | | **करार तर्फ जम्मा** | **१५** | **१५** |
| | | | | **कुल जम्मा** | **२७** | **२१** |

## ४. आर्थिक वर्ष २०८१।८२ को दोस्रो त्रैमासिक र अर्धवार्षिक अवधिको संक्षिप्त प्रगति विवरण

### ५.१ विनियोजित बजेट विवरण (रू)

- वार्षिक बजेटः रू ३ करोड ९० लाख ९० हजार
- अर्धवार्षिक अवधिका लागि विनियोजित बजेटः १ करोड ९६ लाख ५७ हजार
- पहिलो त्रैमासिकका लागि विनियोजित बजेटः ९९ लाख ५३ हजार
- पहिलो त्रैमासिक अवधिमा भएको खर्च रकम रू ६३ लाख ५३ हजार
- दोस्रो त्रैमासिकका लागि विनियोजित बजेटः ९७ लाख ४ हजार

### **५.२ दोस्रो त्रैमासिक र अर्धवार्षिक अवधिको प्रगति विवरण**

दोस्रो त्रैमासिक अवधिमा भएको खर्च रकम रू ८७ लाख ९८ हजार

दोस्रो त्रैमासिकका लागि विनियोजित बजेटको तुलनामा प्रगतिः- भारित ८०.६२ प्रतिशत, वित्तीय ९०.६६ प्रतिशत

अर्धवार्षिक अवधिमा भएको खर्च रकमः रू १ करोड ५१ लाख ५१ हजार

अर्धवार्षिक अवधिका लागि विनियोजित बजेटको तुलनामा प्रगतिः- भारित ७६.६६ प्रतिशत, वित्तीय -७७.०८ प्रतिशत

हाल सम्मको अवधिमा भएको खर्च रकमः रू १ करोड ५१ लाख ५१ हजार

वार्षिक विनियोजित बजेटको तुलनामा अर्धवार्षिक अवधिको प्रगतिः- वित्तीय भार ५०.२९ प्रतिशत, वित्तीय प्रगति ३८.७६ प्रतिशत

## **५. गुनासो गर्न सक्ने विधि**

नेपालको संविधान बमोजिम कृषकहरूको हक, हित र अधिकार संवर्द्धन र प्रवर्द्धनका लागि कृषकहरूका गुनासो व्यवस्थित गर्न र सम्बन्धित निकायमा पुर्‍याई सुनुवाई तथा समस्या समाधान पहल गर्न कृषकले सार्वजनिक निकायबाट प्राप्त गर्ने सेवा सुविधा र किसानका हक, हित र अधिकार संरक्षणका लागि आयोगबाट **"कृषक गुनासो सुनुवाइ एवं व्यवस्थापन प्रणाली, २०७९"** स्वीकृत गरी लागु गरिएको छ।

कृषकले कृषि कार्यमा भोग्नुपरेका समस्याका सम्बन्धमा आयोगमा **"कृषक गुनासो सुनुवाइ एवं व्यवस्थापन प्रणाली, २०७९"** को दफा ३ बमोजिम देहाय अनुसारको विधिबाट गुनासो दर्ता गराउन सकिनेछ।

क. आयोगको टेलिफोन नम्बर कक्षमा स्वयम् उपस्थित भई गुनासो दर्ता गराउन सकिने

ख. आयोगको पैसा नलाग्ने टोल फ्रि नम्बर (१६६००१०६१८२) मा टेलिफोन गरी टिपाउन वा रेकर्ड गराउन

(०१-५९०६१७६, ५९०६१८०) मा टेलिफोन गरेर टिपाउन सकिने

ग. आयोगको ईमेल ठेगाना (nfcnepal2017@gmail.com) मा ईमेल गर्न सकिने

घ. आयोगको वेबसाइट (www.nfc.gov.np) मा रहेको गुनासो पोर्टलमा गई गुनासो लेखी पठाउन सकिने

ङ. आयोगको कार्यालयमा प्राप्त हुने गरी पत्र पठाएर

च. आयोगको कार्यालय परिसरमा रहेको गुनासो/उजुरी पेटीकामा गुनासो खसाल्न सकिने

छ. आयोगको सूचना अधिकारीलाई टेलिफोन गरी गुनासो टिपोट गराउन सकिने

ज. आयोगको फेसबुक ID र पेज (राष्ट्रिय किसान आयोग) वा मोबाइलमा म्यासेज लेखी पठाउन सकिने

## **६. किसान संघ/संगठन दर्ताका लागि आवश्यक विवरण**

राष्ट्रिय किसान आयोगबाट जारी गरिएको किसान संघ/संगठन दर्ता कार्यविधि, २०७४ बमोजिम आयोगमा प्रादेशिक किसान संघ/संगठन, केन्द्रीय किसान संघ/संगठन, महासंघहरू र राष्ट्रिय किसान संजालहरू गठन गरी यस आयोगमा दर्ता गर्न सकिनेछ। किसान संघ/संगठन दर्ता कार्यविधि, २०७४ को दफा ५(४) बमोजिम आयोगबाट वर्षमा २ पटक (श्रावण र पौष महिना) सार्वजनिक सूचना प्रकाशन गर्दछ।